# टोखा नगरपालिका

टोखा नगरपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्ड: ०९ संख्या: ०१ मिति: २०८२/०३/०२

टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सोही कार्यविधिको दफा ७ को अधिकार प्रयोग गरी टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित दफाहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### भाग २

### टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि (पहिलो संसोधन), २०८२

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि (पहिलो संसोधन), २०८२" रहेको छ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ।



२. **टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८० को प्रस्तावनामा संसोधन :** टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि, २०८० (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा रहेको "यस टोखा नगरपालिकाको सशर्त अनुदान बाहेकको स्रोतबाट पारिश्रमिक भुक्तानी हुने" शब्दहरु झिकिएका छन् ।

३. **मूल कार्यविधिको दफा २ मा संसोधन : मूल कार्यविधिको दफा २ को,-**

(१) खण्ड च को सट्टा देहाय बमोजिमको खण्ड च राखिएको छ :

"कर्मचारी" भन्नाले टोखा नगरपालिकाको कार्यालय, नगरपालिका अन्तर्गतको वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी, नगर प्रहरी, शिक्षक तथा विद्यालय कर्मचारी सम्झनुपर्छ।

(२) खण्ड ड को "श्रमिकको न्यूनतम पारिश्रमिक" शब्दहरुको सट्टा "सम्बन्धित कर्मचारीले खाईपाई आएको आधारभूत पारिश्रमिकको ७० प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल कार्यविधिको दफा ३ मा संसोधन : मूल कार्यविधिको दफा ३ को,-**

(१) उपदफा (१) को "नगरपालिकाबाट सशर्त अनुदान बाहेक स्रोत ब्यहोर्ने गरी स्वीकृत दरबन्दीमा नियुक्त भई" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (२) को "सशर्त अनुदान बाहेकको स्रोत ब्यहोर्ने गरी स्वीकृत दरबन्दीमा कार्यरत" भन्ने शब्दहरु झिकिएका छन्।

५. **<u>मूल कार्यविधिको दफा ४ मा संसोधन</u> : मूल कार्यविधिको दफा ४ को,-**

(१) उपदफा (१) को "नेपाल सरकारले निर्धारण गरेको श्रमिकको न्यूनतम पारिश्रमिकको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित कर्मचारीले खाईपाई आएको आधारभूत पारिश्रमिकको सत्तरी(७०) प्रतिशतले हुन आउने रकमको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा २ को उपदफा (१) मा "उल्लेखित" भन्ने शब्दका पछाडी "एकतिस (३१) प्रतिशत" भन्ने शब्दहरु थपिएका छन्।

आज्ञाले,
शेर बहादुर बि सी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति: २०८२/०३/०२